# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड २, संख्याः ३, फागुन २३ गते, २०७५ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

कार्यपालिकाबाट पारित मितिः २०७५।११।२२

## व्यास नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५

**प्रस्तावनाः** स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मुलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शीता, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनीयता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०), दफा १०२ (२) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमिति गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिकाले यो कार्यविधि २०७५।११।२२ गते बसेको नगर कार्यपालिकाको बैठकबाट पारित गरी स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको छ ।

१. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः**
प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजत-पत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

२. **नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्थाः**
(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस व्यास नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा सिभिल इन्जिनीयर/सव इन्जिनीयर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्नेछ । सोको अनुमोदनको लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजत-पत्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजत-पत्र प्रदान गर्नेछ ।

**३. इजाजतपत्रको अवधि र नवीकरण:**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत-पत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजत-पत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र व्यास नगरपालिकालाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाण-पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित सम्बन्धित नगरपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनुपर्नेछ । इजाजत पत्र नवीकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नुपर्नेछ । यसरी अनुसूची-४ बमोजिमको पासबुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न नगरपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजत-पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत-पत्र नवीकरण गरिदिनेछ ।

**४. इजाजत-पत्रको खारेजी:**

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजत-पत्र खारेज गर्न सक्नेछ:

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायबाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वत: खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५. इजाजत-पत्रको प्रतिलिपी दिने व्यवस्था:** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजत-पत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजत-पत्रको प्रतिलिपी दिनुपर्नेछ ।

**६. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७. बचाउ:** यसअघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजत-पत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिने छ ।

अनुसूची १
कार्यविधिको दफा २ को उपदफा १ सँग सम्बन्धित
इजाजत-पत्रको लागि दिइने दरखास्त
दरखास्तवालको फोटो

विषयः **इजाजतपत्र पाऊँ भन्ने बारे** ।

श्री व्यास नरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ ।

यस ………………… कार्यालयको कार्यविधि ……………… बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीकोः
नामः
ठेगानाः
पोष्ट बक्सः ………… टेलिफोन नं.: …………… फ्याक्स नं.: ………. इमेलः …………………

२. फर्म वा कम्पनीको प्रकृति

| | | | |
|---|---|---|---|
| | प्राइभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी |
| | एकलौटी | | साझेदारी |

(कोष्ठमा रेजा लगाउनुपर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको
नामः
ठेगानाः
पोष्ट बक्सः ………… टेलिफोन नं.: …………… फ्याक्स नं.: ………. इमेलः …………………

४. फर्म वा कम्पनीको विवरणः
दर्ता नम्बरः दर्ता मितिः
अधिकृत पूँजीः जारी पूँजीः
दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

५. इजाजत पत्र लिन चाहेको वर्गः (घ वर्ग)

६. समूहिकरण हुन चाहेको समूहः

७. आर्थिक श्रोतको विवरणः

| | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभर ड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिने छ

८. कामदारको विवरण

क) प्राविधिक: ख) अप्राविधिक: ग) अन्य:

प्राविधिक कर्मचारीको सर्टिफिकेटको प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नुपर्नेछ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण:

| सि.नं. | नाम तथा विवरण | दर्ता नम्बर | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०. यस अघि सम्पन्न गरेको कामको विवरण

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रकृति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. कर चुक्ता गरेको प्रमाण कागजात:

क)

ख)

ग)

यस दरखास्त फारमा उल्लिखित सम्पूर्ण व्यहोरा ठिक साँचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको

दस्तखत

मिति

द्रष्टव्य: यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टी गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नुपर्नेछ।

अनुसूची २

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

| क.सं. | निर्माण व्यवसायीको वर्ग | इजाजत-पत्र दस्तुर | इजाजत-पत्र नवीकरण दस्तुर | इजाजत-पत्र नवीरकण थप दस्तुर | इजाजत-पत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | १००००। | २०००। | ५०००। | ५००। |
| | | | | | |
| | | | | | |

द्रष्टव्य: घ वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिमका दफा ३ को उपदफा (२) बमोजिम म्याद भित्र इजाजत-पत्र नवीकरण गराउदा इजाजत पत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

अनुसूची ३

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

## इजाजत-पत्र

इजाजत पत्र नं.: ............................ मितिः .....................

व्यास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ

घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ...................... स्थित कार्यालय भएको ........................................ फर्म वा कम्पनीलाई इजाजत पत्र प्रदान गरिएको छ ।

इजाजतपत्र दिनेकोः

दस्तखतः

नामः

पदः

मितिः

(यस बृत्त भित्र कुन वर्ग लेख्नुपर्ने हो सोही वर्ग लेख्ने

कायालयः

**<u>नवीकरण</u>**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची ४
## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क. सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर प्रतिशत | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण ( यदि भएमा) | भेरिएसनको विवरण(यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नामः | क) थप समय | क) भेरिएसन पछिको सम्झौता रकम | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम | |
| | | | | | …….. | …….. | | | …….. | …….. | |
| | | | | | ख) सम्झौता मिति | ख) पद | क) नाम | क) भेरिएसनको निर्णय गर्ने पदाधिकारीको नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति | |
| | | | | | …….. | …….. | …….. | …….. | …….. | …….. | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद | ख) पद | ग) सम्पन्न % | | |
| | | | | | …….. | …….. | …….. | …….. | …….. | …….. | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम | घ) नामः | |
| | | | | | | …….. | …….. | …….. | …….. | …….. | |
| | | | | | | | घ) निर्णय मिति | घ) छाप | पद | पद | |
| | | | | | | | | | …….. | …….. | |
| | | | | | | | छाप | ………. | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | ……… | | ……… | ……… | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | ……… | ……… | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुसुची-५

## **"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

१. आर्थिक क्षमताः प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरणः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर /टयाक्टर (एक/एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine (एक सेट)
(घ) वाटर पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान)

*द्रष्टव्य :*

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नुपर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तरवृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

आज्ञाले
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत